## स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समिति गोरखाको अत्यन्त जरुरी सूचना

गाउंपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कार्यशर्त तथा कार्यविधिमा उल्लेख भए वमोजिम गोरखा जिल्ला अन्तर्गतका साविकका २ नगरपालिकाहरुको क्षेत्र विस्तार तथा वांकी गा.वि.स. हरुलाई वढिमा ६ वटा गाउंपालिकामा सम्मिलन गरी जिल्लामा ८ वटा स्थानीय तहको पुन संरचना गरी आयोगमा सिफारीसका लागि संवद्ध सरोकारवालाहरुसंग आवश्यक परामर्श गर्ने कार्य भईरहेको छ । यसरी पुन संरचना गर्दा आयोगद्वारा जारी कार्यशर्त तथा कार्यविधिमा उल्लेखित आधार र मापदण्ड वमोजिम भौगोलिक अवस्था, जनसंख्या, भौतिक पूर्वाधारको स्थिति, आन्तरिक आयको अवस्था आदी समेतलाई दृष्टिगत गरी पूनसंरचनाको खाका तयार गरि श्रावण मसान्त भित्र आयोग समक्ष सिफारीस गर्नु पर्ने भएकोले यस तर्फ सचेत र सजग रहदै स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समिति गोरखा कृयाशील रही आएको व्यहोरा संवद्ध सवैमा हार्दिक अनुरोध गर्दछ । यसर्थ जिल्लाको स्थानीय तह पूनसंरचनामा कोही कसैलाई आफनो राय सुझाव वा पुन संरचना संवन्धी कुनै धारणा भएमा प्राविधिक सहयोग समिति गोरखाको सचिवालय, जिल्ला विकास समितिको कार्यालयमा आफै आई वा पत्र मार्फत वा पैसा नलाग्ने टेलीफोन नं. १६६०६४४२५५५ मा सम्पर्क गरी आफनो धारणा टिपाउन वा जिल्ला विकास समितिको ईमेल ठेगाना ddcgorkha@gmail.com मार्फत आफनो राय सुझाव वा धारणा राखी सहयोग पुर्‍याउनु हुन स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समिति गोरखा जिल्लावासी संवद्ध सवैमा हार्दिक अनुरोध गर्दछ । साथै जिल्लाको पुनसंरचना संवन्धी प्रस्तावित खाका जिल्ला विकास समितिको वेवसाईड पेज www.ddcgorkha.gov.np मा लगअन गरि हेर्न सक्नु हुनेछ ।

यहांले आज दिनु भएको सानो सुझाव भोलीको सक्षम र सुदृढ स्थानीय तह निर्माणमा सहायक सिद्ध वन्न सक्नेछ ।

संयोजक  
स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समिति  
गोरखा ।